नेपाल सरकार

कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय (कृषि क्षेत्र)

# आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम र बजेट बजेट बक्तव्यमा उल्लेख भएका बुँदाहरुको कार्यान्वयन निर्देशिका

**(Policy and Program Operational Manual)**

सिंहदरवार, काठमाण्डौ

असार २०७५

## आ.व. २०७५/७६ को नीति र कार्यक्रम कार्यान्वयन निर्देशिका

### क. कृषि क्षेत्र

### १.पृष्टभूमि

जनजीविकाको प्रमुख श्रोत तथा देशको अर्थतन्त्र तथा ग्रामिण रोजगारीमा महत्वपूर्ण योगदान प्रदान गर्दै आएको र साना तथा सीमान्तकृत कृषकहरुको बाहुल्यता रहेको कृषि ब्यवसायलाई आधुनिकिकरण तथा ब्यवसायिकरण गर्दै खाद्य तथा पोषण सुरक्षा सुनिश्चितता तथा गरिवी न्यूनीकरण गर्न कृषिजन्य पदार्थहरुको उत्पादन, स्वस्थकर र सुरक्षित बितरण तथा आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धन प्रदत्त कृषि बिकासका कार्यक्रमहरु आजको प्राथमिकता भएको कुरामा कुनै दुइमत छैन। तथापि, आर्थिक रुपले सकृय जनशक्ति दिनानुदिन विदेशिने क्रम बढ्दै जाँदा कृषि क्षेत्रमा बढ्दै गई रहेको श्रम शक्तिको अभाव, कृषि उत्पादनमा बढ्दो उत्पादन लागत, जग्गाको तिब्र खण्डिकरण, घडेरीकरण, उर्वर कृषि भूमिको गैर कृषि कार्यमा प्रयोग, तथा जलवायु परिवर्तनको नकारात्मक प्रभाव, उत्पादन सामाग्रीहरुको अपर्याप्त आपूर्ति, ग्रामीण तथा भौतिक पूर्वाधारहरुको अपर्याप्तता, साना, खण्डित र अव्यवस्थित भू–उपयोगको अवस्था, आवश्यक ज्ञान, प्रविधि तथा श्रमशक्ति सर्वसुलभ नहुनु, कृषिउत्पादनमा विविधिकरण, प्रतिस्पर्धी र वजारमुखी हुन नसक्नु, जीवनाशक विषादीको सुरक्षित प्रयोगबारे प्रर्याप्त जानकारी नहुनु, अनुसन्धान, शिक्षा र प्रसार बीचको त्रीपक्षीय सम्बन्धलाई मजबुत तुल्याई अनुसन्धानवाट विकास भएका प्रविधिहरु पर्याप्त मात्रामा बिस्तार हुन नसक्नु जस्ता कारणहरुले कृषि क्षेत्रमा आशातित उपलब्धि हासिल हुन सकेको छैन। विनासकारी भूकम्प र सो पश्चातको असहज पारवाहनबाट सिर्जित परिस्थितीका कारण खाद्यान्न उत्पादन र उपलब्धतामा थप असहजता आउनुका साथै बढ्दो आयात र घट्दो निर्यातले चुलिदै गएको व्यापार घाटाले कृषिमा आश्रित नेपालको समग्र अर्थतन्त्र नै धरासायी बन्दै गईरहेको र देशको युवा शक्तिको बढ्दै गएको विदेश पलायनले श्रम शक्तिको अभाव र खेतीयोग्य कृषि भूमि बाँझो रहने क्रम बढिरहेको परिप्रेक्षमा नेपालको संविधानले खाद्य सम्बन्धी हकलाई मौलिक हकका रुपमा स्थापित गरिसकेकोले जनताको आधारभूत आवश्यकताका रुपमा रहेको कृषि उपजहरुमा परनिर्भरताको अन्त्य गरि बढ्दो आयातलाई प्रतिस्थापन र निर्यातलाई प्रर्वद्धन गर्नुका साथै मुलुकले तीन तहको संघिय स्वरुप ग्रहण गरिसकेको र कृषि भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालयले हाल संचालन गर्दै आएका कार्यहरु समेतको पुनर्संरचना हुँदै गरेको सन्दर्भमा संघियताको मर्मलाइ आत्मासाथ गर्दै राज्यका तीनै तहमा रुपान्तरण सहितको कृषि आधुनिकीकरणको प्रत्याभूति आम कृषक व्यवसायीहरुमाझ दिलाउने र कृषि प्राविधिकहरुको मनोवल उच्च राख्दै कृषि क्षेत्रको समग्र विकासलाइ गति दिनका लागि दिगो विकासका लक्ष्यहरु (2015-2030), नेपाल सरकारले जारी गरेको स्वेत-पत्र, कृषि विकासको २० बर्षे रणनीति समेतलाई मध्यनजर राख्दै नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित विषयहरुलाइ

आधार मानी **कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा उल्लेख भएका विषयहरु कार्यान्वयनका लागि यो निर्देशिका** तयार गरेको छ ।

## २. कार्यान्वयनको कार्यक्षेत्र Scope of work

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय (कृषि क्षेत्र) ले समग्र रुपमा कृषिको आधुनिकिकरण, व्यवसायीकरण, कृषि उद्यमशिलता विकास, कृषिजन्य उद्योगहरुको प्रवर्द्धन, प्राविधिक सीप तथा क्षमता विकास, कृषि आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन, प्रांगारिक खेती प्रवर्द्धन, कृषि श्रोतकेन्द्रहरुको विकास, विशेषज्ञ सेवा लगायतका क्षेत्रमा आफ्नो दायरा बनाएको छ । यसै परिप्रेक्ष्यमा यस निर्देशिकाले मुल रुपमा नेपाल सरकारको आगामी आ.व. २०७५/७६ को संघीय संसदमा प्रस्तुत नीति तथा कार्यक्रममा उल्लेखित बुदाँहरु र बजेट बक्तव्यमा उल्लेखित बुँदाहरु को कार्यान्वयनका लागि तयार गरिएको कार्य योजना तालिकामा उल्लेखित मुख्य कृयाकलापहरु (अनुसुची....) को कार्यान्वयनमा प्रभावकारिता ल्याउनु रहेकोछ । यसका साथै नेपाल सरकार (कार्य विभाजन नियमावली, पहिलो संशोधन) २०७४ मा उल्लेखित कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको कार्य विभाजनमा तोकिएका कार्यहरु गर्न स्वीकृत कार्यक्रममा समावेश भएका मुख्य कार्यहरु समेत समाविष्ट गरिएकोछ ।
कृषि क्षेत्र संग सम्वन्धित जम्मा ३० बजेट उप शिषर्क अन्तरगत संघीय मन्त्रालय, विभाग र मातहतका निकायहरु (निकायहरुको जिम्मेवारी कार्य योजना तालिकामा उल्लेख गरिएकोछ), ७ वटै प्रदेश मन्त्रालयहरु र अन्तरगतका निकायहरु र ७५३ स्थानीय तहहरुबाट सशर्त अनुदान अन्तरगत संचालन गरिने कार्यक्रमहरुलाई कार्य योजना तालिकामा समेटिएको छ । प्रदेश र स्थानीय तहहरुमा वित्तीय समानिकारण, सम्पुरक अनुदान र विशेष अनुदान अन्तरगत संचालन हुने कार्यक्रमहरु समेटन सकिएको छैन । यस्का साथै कृषि क्षेत्रमा निजी उद्यमीको उल्लेख लगानी रहेको छ तर सवै जानकारी उपलव्ध नभएकोले उपलव्धी आंकलनमा तथ्यपरक ढंगबाट समेटन सकिएको छैन ।कृषि क्षेत्रसंग सम्वन्धित ३० वटै बजेट उप शिषर्क अन्तरगत संघीय मन्त्रालय, विभाग र मातहतका निकायहरु, ७ वटै प्रदेश मन्त्रालयहरु र अन्तरगतका निकायहरु र ७५३ स्थानीय तहहरुबाट सशर्त अनुदान अन्तरगत संचालन गरिने कार्यक्रमहरु अनुसुची १ मा उल्लेख गरिएको छ ।

## ३) संस्थागत संरचना

- आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा उल्लेख भएका कृषि क्षेत्रतर्फका विषयहरु कार्यान्वयनका सन्दर्भमा नीतिगत सहजीकरणका लागि संघमा कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय रहेको छ । यस अन्तरगत कृषि विभाग, प्लाण्ट क्वारिण्टिन तथा विषादी व्यवस्थापन केन्द्र र कृषि सूचना तथा प्रशिक्षण केन्द्र गरी तीनवटा निकायहरु रहने प्रस्तावित छ । प्लाण्ट क्वारिण्टिन तथा विषादी व्यवस्थापन केन्द्र अन्तरगत १५ वटा मुलुकभरका नाकामा रहेका क्वारिण्टिन कार्यालयहरु रहने प्रस्तावित छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र

नेपाल कृषि अनुसन्धाष परिषद् पनि संघीय इकाइका रुपमा रहने प्रस्तावित छ । कृषि विभाग अन्तरगत देहायका ६ वटा निकायहरु संघ मातहत रहने प्रस्तावित छ

- केन्द्रिय कृषि प्रयोगशाला
- केन्द्रिय फलफूल विकास केन्द्र र अन्तरगत ५ वटा फार्म केन्द्रहरु
- केन्द्रिय आलु, तरकारी तथा मसलावाली विकास केन्द्र र अन्तरगत ४ वटा फार्म केन्द्रहरु
- बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र र अन्तरगत २ वटा फार्म केन्द्रहरु
- पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण केन्द्र र अन्तरगत १ वटा फार्म केन्द्र
- व्यवसायिक कीट विकास केन्द्र र अन्तरगत २ वटा फार्म केन्द्रहरु

यसैगरि, प्रदेशमा देहायका निकायहरु रहेका छन्

- प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
- प्रदेश कृषि विकास निर्देशनालय
- कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र
- कृषि ज्ञान केन्द्रहरु(५१)
- बागवानी सम्वध्द फार्म केन्द्रहरु (१३)
- व्यवसायिक कीट विकास सम्वध्द फार्म केन्द्रहरु(९)
- बाली संरक्षण प्रयोगशाला(७
- बीउविजन प्रयोगशाला(८)
- माटो तल मल परीक्षण प्रयोगशाला(८)

यस्तै, स्थानीय तहहरुमा कृषि विकास शाखा/कृषि सेवा केन्द्रहरुमार्फत कृषि सेवा प्रवाह हुने व्यवस्था रहेको छ ।

प्रस्तावित संरचनामा संघ अन्तरगत रहने गरी ६९३, प्रदेश अन्तरगत रहने गरी १८१८ र स्थानीय तहहरु अन्तरगत रहने गरी जम्मा २२४२ दरवन्दी प्रस्तावित छ ।

**४) वित्तीय व्यवस्थापन**

- वित्तीय व्यवस्थापनमा सहजता ल्याउन संघमा रहने कार्यालयहरुको अलग अलग LMBIS प्रविष्ट गरिएकोछ । साविकका जिल्लास्तरमा कार्यरत जनशक्ति र स्थानीय तहमा काजमा खटिएका कर्मचारीको तलव भत्ता लगायतको बजेट संघीय मन्त्रालयमा राखिएको र स्वीकृत संगठन संरचना अनुरुप सम्वन्धित तहमा पठाउने व्यवस्था मिलाइनेछ । सो को जानकारी प्रदेश मन्त्रालयहरु र स्थानीय तहहरुमा गराइएको छ ।

- विनियोजित पुँजीगत बजेटको समयमा नै प्रभावकारी उपयोग बढाउन खरिद योजना अनुरुपको खरिद प्रकृया २०७५ श्रावणबाटै सुरु गरिने छ ।
- आयोजना तथा कार्यक्रमहरुमा अस्थायी दरबन्दी स्वीकृत गरी जनशक्ति खटाउने कार्य २०७५ भाद्र भित्र सम्पन्न गरिनेछ ।
- बहुबर्षिय ठेक्का प्रकृया अन्तरगतका कार्यहरु निर्धारित समयमा सम्पन्न गर्न मासिक रुपमा समिक्षा गरिनेछ ।
- पुँजीगत तथा चालु खर्च शिर्षकहरुमा विनियोजित बजेटको न्यूनतम ९० प्रतिशत उपयोग हुने गरी वित्तीय व्यवस्थापन गरिनेछ ।
- आ ब २०७५।७६ को संघ, प्रदेश र स्थानीय तहको मुख्य मुख्य कार्यक्रम र बजेटको विवरण अनुसूची १ मा सम्लग्न छ ।

### ५) प्रकृयागत तथा उपलव्धी सूचक (Process and Output Indicators)

कार्यक्रम तथा प्रमुख कृयाकलापहरुको संचालनबाट प्राप्त हुने उपलव्धी र सो को सूचकहरु कार्य योजना तालिकामा उल्लेख गरिएको छ । आयोजना तथा कार्यक्रमहरुको मुख्य प्रकृया पहिल्याई सो को अनुगमन गर्न सहयोग पुग्ने गरी सूचकहरु पहिचान गरिएका छन् । कतिपय प्रकृयागत सूचकहरु माइलस्टोनको रुपमा समावेश गरिएका छन् ।

नीति तथा कार्यक्रम तथा बजेट बक्तव्यमा उल्लिखित बुँदाहरुको कार्यान्वयनका लागि संचालन गरिने मुख्य मुख्य क्रियाकलापहरुको प्रक्रियागत तथा उपलव्धि सूचकहरु तलको तालिकमा प्रस्तुत गरिएको छ ।

| क्र. सं | मुख्य मुख्य क्रियाकलापहरु | Process Indicator | Ouput Indicator | Outcome Indicator | कैफियत |
|---|---|---|---|---|---|
| १ | उत्पादन वृध्दिका लागि सिंचित क्षेत्र विस्तार कार्यक्रम | माग संकलन/निवेदन आव्हान, प्रस्ताव मूल्यांकन तथा निर्णय र आयोजना वितरण | १०६० स्यालो र ११ डिप ट्युवेल जडान भएको हुने | सिंचित क्षेत्रफल वृध्दिले हुने उत्पादन वृध्दि | |
| २ | लागत सहभागितका आधारमा रासायनिक मल खरिद व्यवस्थापन | टेण्डर आव्हान, प्रस्ताव मूल्यांकन तथा निर्णय र आयात गरिएको मल तोकिएका समुह/सहकारीमार्फत मुलुकभर मल उपलव्ध | २ लाख ८३ हजार मे.टन रासायनिक मल आयात भइ अनुदानमा कृषक समुह/सहकारी/डिलर मार्फत वितरण | मलको प्रयोगले हुने उत्पादन वृध्दि | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गराउने | भएको हुने | | |
| ३ | आलुको चिप्स र TMR उद्योग स्थापना गर्ने | | १ वटा आलुको चिप्स र १ वटा TMR उद्योग स्थापना भएको हुने | | |
| ४ | मूल्य श्रृंखला विस्तारका लागि अनुदान प्रवाह | Competitive Grant System को आधारमा कृषक समुह/सहकारी/कम्पनीहरु वाट प्रस्ताव आव्हान, प्रस्ताव मूल्यांकन तथा निर्णय | १८२ विभिन्न कृषक समुह/सहकारी/निजी उद्यमीहरुलाइ मूल्य श्रृंखला विस्तारका लागि अनुदान प्रवाह भएको हुने | अनुदान प्रवाहवाट कृषि उत्पादन तथा कृषि उद्यमशिलता विकासमा पुगेको टेवा | |
| ५ | चोभार फलफूल तथा पुष्प थोक बजार निर्माण | कार्य प्रगतिको अवस्था | ३ वटा फलफूल तथा पुष्प बजारस्थलहरुको निर्माण कार्य सम्पन्न भएको हुने | | यस आ.व. मा कारोवार शुरु नहुने |
| ६ | कृषि उपज भण्डारणका लागि प्रयोग गरिने शितघरमा विद्युत महशुलको ५० प्रतिशत छुट दिने | स्वीकृत कार्यविधि | कार्यविधि अनसार विद्युत महसुलमा छुट उपलव्ध भएको हुने | | |
| ७ | बगर खेती विस्तार कार्यक्रम | स्वीकृत कार्यविधि | स्वीकृत कार्यविधि अनसार कार्यक्रम संचालन भइ तोकिएको क्षेत्रमा बगर खेती विस्तार भएको हुने | सम्लग्न कृषकहरुको आयस्तर वृध्दि | |
| ८ | प्रधानमन्त्री कृषि | पकेट, ब्लक, जोन र सुपरजोन स्थापना तथा | ६९ जोन, १४ सुपरजोन, ३१२ | उल्लिखित बाली/वस्तुको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | आधुनिकीकरण परियोजना विस्तार | कार्यान्वयन | ब्लक र २७९३ पकेटहरुमार्फत कृषि व्यवसायीकरण, आधुनिकिकरण लगायतका कार्यहरु सम्पन्न भएको हुने | उत्पादन तथा व्यवसायीकरणमार्फत प्राप्त ग्राहस्त उत्पादन | |
| ९ | प्रागाँरिक खेती प्रवर्द्धन कार्यक्रम | स्वीकृत कार्यविधि | स्वीकृत कार्यविधि अनुरुप तोकिएको क्षेत्रमा प्रांगारिक खेती विस्तार भएको हुने | संचालित कार्यक्रमवाट प्रांगारिक खेती विस्तारमा पुगेको टेवा | |
| १० | कृषि विमामा लाग्ने शुल्कमा ७५ प्रतिशत अनुदान प्रदान गर्ने | भुक्तानी माग र विमा प्रिमियम रकम भुक्तानी | भुक्तानी माग भएको विमा गर्ने कृषकहरुको ७५ प्रतिशत विमा प्रिमियम वापतको अनुदान रकम उपलव्ध गराइएको हुने | जोखिम व्यवस्थापनमा पुगेको टेवा | |
| ११ | कृषि ज्ञान केन्द्र स्थापना गर्ने | संगठन तथा व्यवस्थापन सर्वेक्षण | मुलुकभर ५१ वटा कृषि ज्ञान केन्द्र स्थापना भएको हुने | विशेषज्ञ सेवा प्रवाह र सो को उत्पादन वृध्दिमा प्रभाव | |
| १२ | प्रत्येक प्रदेशमा एकिकृत सामूदायिक नमूना आधुनिक कृषि फार्म स्थापनाका लागि कार्यविधी वमोजिम अनुदान प्रवाह | स्वीकृत कार्यविधि | प्रत्येक प्रदेशमा १/१ वटा स्थापित आधुनिक कृषि फार्म स्थापना भएको हुने | स्थापना भएको आधुनिक कृषि फार्म मार्फत कृषि व्यवसायीकरणमा पुगेको टेवा | |
| १३ | सहकारी मार्फत कृषिमा युवा विशेष कार्यक्रम | स्वीकृत कार्यविधि | कार्यविधि अनुसार तोकिएको युवा विशेष | संचालित कार्यक्रमवाट कृषि व्यवसायमा युवा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | संचालन | | कार्यक्रम/आयोजना संचालन भएको हुने | आकर्षणमा पुगेको टेवा | |
| १४ | कृषि स्नातक (इन्टर्न) खटाउने प्रयोजनार्थ विश्वविद्यालय, अध्ययन संस्थान र कृषि कलेजहरुलाई अनुदान | विश्वविद्यालय, अध्ययन संस्थान र कृषि कलेजहरुसंगको कार्यसम्झौता | ३०० जना कृषि स्नातक इन्टर्नहरु परियोजनाका ब्लक, जोन र सुपरजोनमा खटाइएको हुने संख्या | कृषि प्रसार, अनुसन्धान र शिक्षावीचको समन्वयमा परेको प्रभाव | |
| १५ | स्थानीय तहहरुमा घुम्ती प्रयोगशाला संचालन | प्रयोगशाला सेवा | १६८ विभिन्न स्थानीयत तहमा घुम्ती माटो परीक्षण प्रयोगशाला संचालन भएको हुने | माटो स्वास्थ अवस्थावारे जानकारी भइ माटोको उर्वराशक्ति प्रवर्द्धनमा पुग्ने टेवा | |
| १६ | प्रत्येक प्रदेशमा सहकारी क्षेत्र मार्फत जैविक विषादी उत्पादन प्रयोगशाला निर्माणको लागि मेशिनरी औजार उपकरणमा ५० प्रतिशत अनुदान | कार्यविधि | प्रत्येक प्रदेशमा १/१ वटा जैविक विषादी प्रयोगशालाहरु स्थापना भएको हुने | जैविक विषादी प्रवर्द्धन र रासायनिक विषादीको प्रयोग निरुत्साहनमा पुगेको टेवा | |
| १७ | बिभिन्न बालिका उन्नत जातहरु उन्मोचन तथा सिफारिस गर्ने | अनुसन्धानको नियमित प्रक्रिया | ९ वटा बिभिन्न बालिका उन्नत जातहरु उन्मोचन तथा सिफारिस भएको हुने | कृषि उत्पादन वृध्दिमा पुगेको टेवा | |
| १८ | खाद्य तथा दाना बजार तथा उद्योगको | अनुगमन टोली | ३२४० पटक खाद्य तथा दाना बजार तथा उद्योगको | खाद्य स्वच्छता र गुणस्तर नियन्त्रणमा पुगेको टेवा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | अनुगमन | | अनुगमन भएको हुने | | |
| १९ | खाद्य स्वच्छता तथा गुणस्तर अनुगमनका लागि मोवाइल भ्यान खरिद | प्रचलित खरिद एन तथा नियम | २ वटा मोवाइल भ्यान खरिद भएको हुने | खाद्य स्वच्छता र गुणस्तर नियन्त्रणमा पुगेको टेवा | |

## ६) कार्यक्रम कार्यान्वयनको विभिन्न चरणमा सम्लग्न जनशक्ति र विभिन्न सरोकारवालाहरुको भूमिका

### ६.१ कार्यक्रम कार्यान्वयनको विभिन्न चरणमा सम्लग्न जनशक्ति

आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम तथा बजेट बक्तव्यमा उल्लिखित विषयहरुको कार्यान्वयनका लागि समावेश भएका विभिन्न क्रियाकलापहरुको मुख्य मुख्य चरणहरुमा मुख्यतया उक्त कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुका रहने जनशक्ति नै जिम्मेवार रहनेछन् । केही कार्यक्रमहरु संचालनका लागि निर्णयका लागि विभिन्न समितिहरु रहने गरेकोमा विभिन्न निकायहरुवाट प्रतिनिधित्व गर्ने सरकारी र निजी क्षेत्रका प्रतिनिधिहरु रहने छन् । केही मुख्य कार्यक्रममा संलग्न जनशक्तिको विवरण सम्लग्न छ

| क्र.सं | मुख्य मुख्य क्रियाकलापहरु | क्रियाकलापमा सम्लग्न संरचना/जनशक्ति | कैफियत |
|---|---|---|---|
| १ | उत्पादन वृध्दिका लागि सिंचित क्षेत्र विस्तार कार्यक्रम | कृषि यान्त्रीकरण प्रवर्द्घन केन्द्र र प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनामा सम्लग्न जनशक्ति | |
| २ | लागत सहभागितका आधारमा रासायनिक मल खरिद व्यवस्थापन | कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिंग कर्पोरेशनको जनशक्ति | अनुदान वितरण व्यवस्थापन समितिमा अर्थ मन्त्रालय, सहकारी विभाग लगायतका निकायहरुवाट समेत प्रतिनिधि जनशक्ति रहने |
| ३ | मूल्य श्रृंखला विस्तारका लागि अनुदान प्रवाह | सम्वन्धित आयोजनामा संलग्न सरकारी कर्मचारीहरु र करारमा लिइने परामर्शदातृहरु | |
| ४ | चोभार फलफूल तथा पुष्प थोक बजार निर्माण | व्यवसायिक कृषि तथा व्यापार आयोजनामा कार्यरत जनशक्ति | |

| | | | |
|---|---|---|---|
| ५ | कृषि उपज भण्डारणका लागि प्रयोग गरिने शितघरमा विद्युत महशुलको ५० प्रतिशत छुट दिने | कृषि विभागमा कार्यरत जनशक्ति | |
| ६ | बगर खेती विस्तार कार्यक्रम | राष्ट्रिय आलु तरकारी तथा मसलावाली विकास केन्द्र र सम्वन्धित स्थानीय तहमा कार्यरत कृषि जनशक्ति | |
| ७ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना विस्तार | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामा कार्यरत जनशक्ति | |
| ८ | प्रागाँरिक खेती प्रवर्द्धन कार्यक्रम | कृषि विभागमा कार्यरत जनशक्ति | |
| ९ | कृषि विमामा लाग्ने शुल्कमा ७५ प्रतिशत अनुदान प्रदान गर्ने | कृषि विभागमा कार्यरत जनशक्ति र विमा समिति र विमा कम्पनीका कर्मचारीहरु र विमा अभिकर्ताहरु | |
| १० | कृषि ज्ञान केन्द्र स्थापना गर्ने | संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिका पदाधिकारीहरु | |
| ११ | प्रत्येक प्रदेशमा एकिकृत सामूदायिक नमूना आधुनिक कृषि फार्म<br>स्थापनाका लागि कार्यविधी वमोजिम अनुदान प्रवाह | प्रादेशिक कृषि सम्वध्द निकायमा कार्यरत जनशक्ति | |
| १२ | सहकारी मार्फत कृषिमा युवा विशेष कार्यक्रम संचालन | कार्यक्रम संचालन गर्ने प्रादेशिक कृषि सम्वध्द निकायमा कार्यरत जनशक्ति | |
| १३ | कृषि स्नातक (इन्टर्न) खटाउने प्रयोजनार्थ विश्वविद्यालय, अध्ययन संस्थान र कृषि कलेजहरुलाई अनुदान | विश्वविद्यालय, अध्ययन संस्थान र कृषि कलेजहरुका सम्वध्द जनशक्ति | |
| १४ | स्थानीय तहहरुमा घुम्ती प्रयोगशाला संचालन | स्थानीय तहहरुमा कार्यरत कृषि प्राविधिकहरु | |
| १५ | प्रत्येक प्रदेशमा सहकारी क्षेत्र मार्फत जैविक विषादी उत्पादन<br>प्रयोगशाला निर्माणको लागि मेशिनरी औजार उपकरणमा ५०<br>प्रतिशत अनुदान | प्रादेशिक कृषि सम्वध्द निकायमा कार्यरत जनशक्ति | |
| १६ | बिभिन्न बालिका उन्नत जातहरु उन्मोचन तथा सिफारिस गर्ने | नेपाल कृषि अनुसन्धान परिषद् र अन्तरगतका वैज्ञानिकहरु | |

| | | | |
|---|---|---|---|
| १७ | खाद्य तथा दाना बजार तथा उद्योगको अनुगमन | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र अन्तरगतको जनशक्ति | अनुगमनमा जिल्ला प्रशासन कार्यालय तथा सरकारी वकिल कार्यालयका प्रतिनिधि जनशक्ति समेत संलग्न रहने |
| १८ | खाद्य स्वच्छता तथा गुणस्तर अनुगमनका लागि मोवाइल भ्यान खरिद | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र अन्तरगतको जनशक्ति | |

## ६.२ कार्यक्रम कार्यान्वयनमा विभिन्न सरोकारवालाहरुको भूमिका

कृषि विकास कार्यक्रमको कार्यान्वयनमा विभिन्न सरोकारवालाहरुको महत्वपूर्ण भूमिका रहन्छ । कृषक समुह, कृषक सहकारीहरु, निजी उद्यमी तथा व्यवसायीहरु प्रत्येक्ष सरोकारवाला रहेका छन् । कर्जा प्रवाह गर्ने वित्तीय संस्थाहरु, बीमा कम्पनीहरु, एग्रोभेट्सहरु, कृषि सामग्री उत्पादन सामग्रीका आपूर्तिकर्ताहरु अर्को महत्वपूर्ण सरोकारवालाहरु हुन । त्यसै गरी कृषि क्षेत्रसंग सम्वध्द विभिन्न ऐन, आदेशको कार्यान्वयनसंग जोडिएका नियमनकारी निकायहरु अर्को महत्वपूर्ण सरोकारवालाहरु हुन । आ.व २०७५ र ७६ मा संचालित हुने प्रमुख कार्यक्रमहरु र तीनमा संलग्न हुने सरोकारवालाहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएकोछ ।

| सि.नं. | मुख्यकार्यक्रम/ कृयाकलाप | सरोकारवाला | भूमिका |
|---|---|---|---|
| १ | उत्पादन वृध्दिका लागि सिंचित क्षेत्र विस्तार कार्यक्रम | सिंचाइ विभाग | सिंचाइ सम्वध्द कार्यक्रम कार्यान्वयनमा सहजीकरण |
| २ | लागत सहभागितका आधारमा रासायनिक मल खरिद व्यवस्थापन | रासायनिक मल डिलरहरु | कृषकस्तरमा मल समयमै पुर्याउन |
| ३ | मूल्य श्रृंखला विस्तारका लागि अनुदान प्रवाह | नेपाल राष्ट्र बैंक, कृषि उद्यम केन्द्र | अनुदानग्राहीको अनुगमन र बजेट निकासा |
| ४ | चोभार फलफूल तथा पुष्प थोक बजार निर्माण | सम्वध्द ठेकेदार | समयमै कार्य सम्पन्न गर्ने |
| ५ | कृषि उपज भण्डारणका लागि प्रयोग गरिने शितघरमा विद्युत | अर्थ मन्त्रालय | कार्यविधि स्वीकृति र बजेट निकासा |

| | | | |
|---|---|---|---|
| | महशुलको ५० प्रतिशत छुट दिने | | |
| ६ | बगर खेती विस्तार कार्यक्रम | सम्वध्द स्थानीय तह | कार्यक्रम कार्यान्वयनमा सहजीकरण |
| ७ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना विस्तार | उद्योग मन्त्रालय, सिंचाइ मन्त्रालय, अध्ययन संस्थान | कार्यक्रम कार्यान्वयनमा सहयोग |
| ८ | प्रागाँरिक खेती प्रवर्द्धन कार्यक्रम | युरोपियन युनियन | दातृ निकायको रुपमा सहजीकरण |
| ९ | कृषि विमामा लाग्ने शुल्कमा ७५ प्रतिशत अनुदान प्रदान गर्ने | विमा समिति/विमा कम्पनीहरु | कृषि विमा प्रभावकारी ढंगले विस्तार एवं समयमै अनुदान भुक्तानी दावी |
| १० | कृषि ज्ञान केन्द्र स्थापना गर्ने | संगठन तथा सर्वेक्षण समिति | निर्णय |
| ११ | प्रत्येक प्रदेशमा एकिकृत सामूदायिक नमूना आधुनिक कृषि फार्म<br>स्थापनाका लागि कार्यविधी वमोजिम अनुदान प्रवाह | सम्वन्धित प्रादेशिक कार्यालयहरु | कार्यक्रम कार्यान्वयन, अनुगमन र प्रतिवेदन |
| १२ | सहकारी मार्फत कृषिमा युवा विशेष कार्यक्रम संचालन | सहकारी संघसंस्थाहरु | कार्यक्रम कार्यान्वयन, अनुगमनमा सहजीकरण |
| १३ | कृषि स्नातक (इन्टर्न) खटाउने प्रयोजनार्थ विश्वविद्यालय, अध्ययन संस्थान र कृषि कलेजहरुलाई अनुदान | विश्वविद्यालय, अध्ययन संस्थान र कृषि कलेजहरु | कार्यक्रम अनुगमन |
| १४ | स्थानीय तहहरुमा घुम्ती प्रयोगशाला संचालन | सम्वन्धित स्थानीय तहहरु | कार्यक्रम संचालन/व्यवस्थापन/अनुगमनमा सहयोग |
| १५ | प्रत्येक प्रदेशमा सहकारी क्षेत्र मार्फत जैविक विषादी उत्पादन प्रयोगशाला निर्माणको लागि मेशिनरी औजार उपकरणमा ५० प्रतिशत अनुदान | प्रादेशिक सम्वन्धित कार्यालयहरु | कार्यक्रम कार्यान्वयन, अनुगमनमा सहयोग |
| १६ | बिभिन्न बालिका उन्नत जातहरु उन्मोचन तथा सिफारिस गर्ने | राष्ट्रिय विउविजन समिति | जातहरु उन्मोचन तथा सिफारिस सम्वन्धि निर्णय |
| १७ | खाद्य तथा दाना बजार तथा उद्योगको अनुगमन | जिल्ला प्रशासन कार्यालय, सरकारी वकिलको कार्यालय | अनुगमन, मुद्दा दायर लगायत |

### ६.३ कार्यक्रम कार्यान्वयन तरिका

संघीय कार्यालयहरुमा LMBIS प्रविष्टि भएका कार्यक्रमहरु सोही निकायहरुको संयोजनमा सम्वन्धित प्रदेश र स्थानीय तहसमेतको सहयोग र समन्वयमा संचालन हुनेछन् । प्रदेश र स्थानीय तहमा LMBIS प्रविष्टि भएका सशर्त कार्यक्रमहरु तत तत् निकायहरुवाटै संचालन गरिनेछन् । वैदेशिक सहयोगमा संचालित आयोजनाहरु कार्यान्वयन इकाइ तथा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाहरु परियोजना कार्यान्वयन इकाइ, सुपरजोन तथा जोन कार्यान्वयन इकाइहरुमार्फत संचालन हुनेछन् ।

### ७.कार्यान्वयन स्थितिको नियमित प्रतिवेदनको तरिका

| क्र.सं | बजेट शिर्षक | कार्यक्रम | नियमित प्रतिवेदनको तरिका |
|---|---|---|---|
| १ | ३१२०११ | कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | ✓ हरेक महिनाको १५ गते अघिल्लो महिनासम्मको बजेट बक्तव्य, नीति कार्यक्रम, सुशासन लगायतको प्रतिवेदन तोकिएको फर्मेटमा अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।<br>✓ चौमासिक रुपमा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक गरी चौमासिक सकिएपछिको महिनाको १५ गतेभित्र रा.यो.आ मा प्रतिवेदन गर्ने ।<br>✓ चौमासिक रुपमा मन्त्रालय र मातहतका कार्यक्रमहरुको प्रगति समिक्षा गरी माथिल्लो निकायमा प्रतिवेदन गर्ने । |
| २ | ३१२०१२ | कृषि विभाग | ✓ हरेक महिनाको १० गतेभित्र आफू र मातहतका निकायको अघिल्लो महिनासम्मको बजेट बक्तव्य, नीति कार्यक्रम, सुशासन लगायतको प्रतिवेदन तोकिएको फर्मेटमा मन्त्रालयमा पठाउने । |

| | | | |
|---|---|---|---|
| | | | ✓ चौमासिक रुपमा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकका लागि विभागस्तरीय समस्याहरु चौमासिक सकिएपछिको महिनाको ७ गतेभित्र मन्त्रालयमा प्रतिवेदन गर्ने<br>✓ चौमासिक रुपमा विभाग र मातहतका कार्यक्रमहरुको प्रगति समिक्षा गरी माथिल्लो निकायमा प्रतिवेदन गर्ने । |
| ३ | ३१२१०२ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | ✓ कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयवाटै संचालन गरिने भएकोले उपरोक्तानुसार नै |
| ४ | ३१२१०३ | विशेष कृषि उत्पादन कार्यक्रम | |
| ५ | ३१२०२१ | राष्ट्रिय चिया, कफी तथा अलैंची विकास बोर्ड | ✓ हरेक महिनाको १० गतेभित्र आफू र मातहतका निकायको अघिल्लो महिनासम्मको बजेट बक्तव्य, नीति कार्यक्रम, सुशासन लगायतको प्रतिवेदन तोकिएको फर्मेटमा मन्त्रालयमा पठाउने ।<br>✓ चौमासिक रुपमा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकका लागि विभागस्तरीय समस्याहरु चौमासिक सकिएपछिको महिनाको ७ गतेभित्र मन्त्रालयमा प्रतिवेदन गर्ने<br>✓ चौमासिक रुपमा विभाग र मातहतका कार्यक्रमहरुको प्रगति समिक्षा गरी माथिल्लो निकायमा प्रतिवेदन गर्ने । |
| ६ | ३१२०२० | कपास विकास समिति | |
| ७ | ३१२१४३ | चिनी तथा उखु बिकास समिती | |
| ८ | ३१२०२२ | राष्ट्रिय किसान आयोग | |
| ९ | ३१२१३६ | कृषि अनुसन्धान कार्यक्रम | |
| १० | ३१२११५ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | |
| ११ | ३१२१०४ | साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना | ✓ हरेक महिनाको १० गतेभित्र अघिल्लो महिनासम्मको बजेट बक्तव्य, नीति कार्यक्रम, सुशासन लगायतको प्रतिवेदन |
| १२ | ३१२११७ | समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना | |

| | | | |
|---|---|---|---|
| १३ | ३१२१५६ | रानी जमरा कुलरिया सिंचाई आयोजना कृषितर्फ | तोकिएको फर्मेटमा विभाग/सम्वन्धित दातृ निकायमा पठाउने ।<br>✓ चौमासिक रुपमा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकका लागि विभागस्तरीय समस्याहरु चौमासिक सकिएपछिको महिनाको ७ गतेभित्र विभागमा प्रतिवेदन गर्ने<br>✓ चौमासिक रुपमा विभाग र मातहतका कार्यक्रमहरुको प्रगति समिक्षा गरी माथिल्लो निकाय/दातृ निकायमा प्रतिवेदन गर्ने । |
| १४ | ३१२१०७ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | ✓ हरेक महिनाको १० गतेभित्र आफू र मातहतका निकायको अघिल्लो महिनासम्मको बजेट बक्तव्य, नीति कार्यक्रम, सुशासन लगायतको प्रतिवेदन तोकिएको फर्मेटमा विभागमा पठाउने ।<br>✓ चौमासिक रुपमा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकका लागि विभागस्तरीय समस्याहरु चौमासिक सकिएपछिको महिनाको ७ गतेभित्र मन्त्रालयमा प्रतिवेदन गर्ने<br>✓ चौमासिक रुपमा विभाग र मातहतका कार्यक्रमहरुको प्रगति समिक्षा गरी माथिल्लो निकायमा प्रतिवेदन गर्ने । |
| १५ | ३१२१०८ | राष्ट्रिय आलु तरकारी तथा मसला विकास कार्यक्रम | |
| १६ | ३१२१०९ | वीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | |
| १७ | ३१२११० | मत्स्य विकास कार्यक्रम | |
| १८ | ३१२१११ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | |
| १९ | ३१२११२ | प्लान्ट क्वारेन्टाइन तथा विषादि ब्यवस्थापन कार्यक्रम | |
| २० | ३१२११३ | व्यवसायीक कीट विकास कार्यक्रम | |
| २१ | ३१२११४ | वाली बिकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | |
| २२ | ३१२११८ | केन्द्रिय कृषि प्रयोगशाला कार्यक्रम | |
| २३ | ३१२११९ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्धन कार्यक्रम | |
| २३ | ३१२१२२ | व्यावसायिक कृषि तथा व्यापार आयोजना | ✓ हरेक महिनाको १० गतेभित्र आफू र |

| | | | |
|---|---|---|---|
| २४ | ३१२१५३ | उच्च मूल्य कृषि वस्तु विकास आयोजना | मातहतका निकायको अघिल्लो महिनासम्मको बजेट बक्तव्य, नीति कार्यक्रम, सुशासन लगायतको प्रतिवेदन तोकिएको फर्मेटमा मन्त्रालयमा पठाउने ।<br>✓ चौमासिक रुपमा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको वैठकका लागि विभागस्तरीय समस्याहरु चौमासिक सकिएपछिको महिनाको ७ गतेभित्र मन्त्रालयमा प्रतिवेदन गर्ने<br>✓ चौमासिक रुपमा विभाग र मातहतका कार्यक्रमहरुको प्रगति समिक्षा गरी माथिल्लो निकायमा प्रतिवेदन गर्ने । |
| २५ | ३१२१६० | किसानका लागि उन्नत विउ विजन कार्यक्रम | |
| २६ | ३१२१५७ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | |
| २७ | ३१२१६३ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | |
| २६ | ३१२१६४ | नेपाल कृषि बजार विकास कार्यक्रम | |
| २८ | ३१२१९९ | कृषि क्षेत्र विकास कार्यक्रम | |
| २९ | ३१२१९८ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | |

# नतिजा व्यवस्थापन तथा अनुगमन योजना

(कृषि क्षेत्र)

<u>तयार गर्ने</u>

कृषि भूमी व्यवस्था तथा सहकारी मन्त्रालय

सिंहदरवार

२०७५ आषाढ

# नतिजा व्यवस्थापन/अनुगमन योजना (कृषि क्षेत्र)

## पृष्ठभूमि

कृषि क्षेत्रमा आशातित उपलब्धि हासिल हुन नसक्दा बढ्दो खाद्य तथा कृषि आयात र कमजोर निर्यातको कारण चुलिँदै गएको व्यापार घाटाले नेपालको समग्र अर्थतन्त्र नै संकटन्मुख बन्दै गईरहेको तथा देशको युवा शक्तिको बढ्दै गएको विदेश पलायनले श्रम शक्तिको अभाव र खेतीयोग्य कृषि भूमि बाँझो रहने क्रम बढिरहेको परिप्रेक्षमा कृषि उपजहरुमा परनिर्भरताको अन्त्य गरिबढ्दो आयातलाई प्रतिस्थापन र निर्यातलाई प्रर्वद्धन गर्दै कृषिमा आत्मनिर्भरता हासिल गर्ने तथा कृषि क्षेत्रलाई देशको सम्वृद्दिको आधारको रुपमा विकास गर्ने राष्ट्रिय अभियानलाई सघाउ पुग्ने गरि आगामी वर्षको कृषि क्षेत्रको नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

नेपाल सरकारको नीति तथा कार्यक्रम,बजेट बक्तब्यमा उल्लेखित कार्यक्रम\क्रियाकलापहरुका साथै स्वीकृत वार्षिक कार्क्रममा समावेश भएका कार्यक्रमहरुको अलावा नविनतम र अन्य कृयाकलापहरुको कार्यान्वयनबाट प्राप्त हुने अपेक्षित नतिजा/प्रतिफल, प्रमुख कार्य सम्पादन सूचक, पुष्ट्याईका आधार, अनुगमनका लागि जिम्मेवार निकाय समेतपहिचान गरिएको देहाय बमोजिमको **नतिजा व्यवस्थापन तालिका तथा अनुगमनयोजना** प्रस्तुत गरिएको छ। कृषि विकासका क्षेत्रमा पहिचान गरिएका नवप्रवर्तन तथा सिर्जनसिल कार्यक्रमहरुबाटसमग्र नतिजा प्राप्तिमा सकारात्मक योगदान पुग्न जाने अपेक्षा गरिएको छ।

## तालिका: कृषि क्षेत्रको नतिजा व्यवस्थापन तथा अनुगमन योजना (२०७४/७५-२०७९/८०)

| क्र.स. | नतिजाको तह तथा नतिजाको विवरण | प्रमख कार्यसम्पादन सूचक | आर्थिक वर्ष २०७४/७५ अवस्था | आर्थिक वर्ष २०७९/८० को लक्ष्य | मूख्य जिम्मेवार निकाय | पुष्टी गर्ने सूचना एवं तथ्याङ्क श्रोत |
|---|---|---|---|---|---|---|
| क) | प्रभाव तथा असर | | | | | |
| १ | कृषि उत्पादन वृद्दि (आगामी पाँच वर्षमा दोव्वर बनाउने) | मुख्य बालीहरुको उत्पादन उत्पादन(मे टन) | मुख्य बालीहरुको उत्पादन अवस्था<br>धान-5151925 मे.ट<br>मकै-2259445मे.ट<br>गहुँ-18118895 मे.ट<br>आलु-2730294 मे.ट<br>स्याउ-38003 मे.ट<br>केरा-259923 मे.ट<br>सुन्तला-189000 मे.ट | मुख्य बालीहरुको उत्पादन अवस्था<br>धान-6820000 मे.ट<br>मकै-3142261मे.ट<br>गहुँ-2034369 मे.ट<br>आलु-2900725 मे.ट<br>स्याउ-115500 मे.ट<br>केरा-323000 मे.ट<br>सुन्तला-275000 मे.ट | कृषि भूमी व्यवस्था तथा सहकारी मन्त्रालय | नेपाल राष्ट बैंक,केन्द्रिय तथ्याङ्क विभाग, कृषि भूमी व्यवस्था तथा सहकारी मन्त्रालयको वार्षिक तथ्याङ्क पुस्तिका |
| २ | कृषि आयात घट्ने | कृषि उपजको आयात (रु हजार) | ७५,७६९,५२४।<br>(आ व २०७४/७५) | | कृषि भूमी व्यवस्था तथा सहकारी मन्त्रालय | बाणिज्य तथा आपूर्ति मन्त्रालय/व्यापार तथा निर्यात प्रवर्धन केन्द्र, भन्सार विभाग |
| ३ | कृषि निर्यात वृद्दि | कृषि उपजको निर्यात (रु हजार) | १२,३३२,७४७।<br>(आ व २०७४/७५) | | कृषि भूमी व्यवस्था तथा सहकारी मन्त्रालय | बाणिज्य तथा आपूर्ति मन्त्रालय/व्यापार तथा निर्यात प्रवर्धन केन्द्र |
| ख) | प्रतिफल तथा प्रक्रिया | | | | | |
| १ | सिँचाई सुविधा विस्तार | मझौला तथा ठूला सिँचाई आयोजना मार्फट सिँचित क्षेत्र विस्तार (हे) | १४८०२३३ हे | | सिँचाई विभाग | केन्द्रिय तथ्याङ्क विभाग |
| २ | उत्पादन सामाग्री व्यवस्थापन | लागत सहभागीताको आधारमा रासायनिक मल वितरण (मे टन) | २४८००० मे टन | ६००००० मे टन | कृषि सामाग्री कम्पनि लि तथा साल्ट ट्रेडिङ्ग कम्पनि लि | कृषि भूमी व्यवस्था तथा सहकारी मन्त्रालयको वार्षिक तथ्याङ्क पुस्तिका, कृषि |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | विभाग |
| | | लागत सहभागीताको आधारमा धान गहुँ र मकैको उन्नत विउ वितरण (मे टन) | ४३०० मे टन | १०००० मे टन | कृषि विभाग प्रदेश भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | कृषि विभाग |
| | | स्रोत विउ उत्पादन | २४३ मे टन | १००० मे टन | नेपाल कृषि अनुसन्धान परिषद | कृषि भूमी व्यवस्था तथा सहकारी मन्त्रालयको वार्षिक तथ्याङ्क पुस्तिका |
| ३ | प्रविधि विकास तथा प्रसार | | | | | |
| | | स्थानिय तहमा कृषि सेवा केन्द्र स्थापना | ३७८ | ७९३ | नेपाल सरकार | संघिय मामला तथा सामान्य प्रशासन मन्त्रालय |
| | | कृषि ज्ञान केन्द्र स्थापना | | ५१ | नेपाल सरकार | संघिय मामला तथा सामान्य प्रशासन मन्त्रालय |
| ४ | कृषि यान्त्रीकरण | सन्चालनमा रहेका कस्टम हायरिङ्ग सेन्टरको सँख्या | ८६ | ७९३ | प्रधानमन्त्रि कृषि आधुनिकिकरण परियोजना | कृषि विभाग |
| | | | | | | |
| ५ | कृषि व्यावसायीकरण तथा प्रतिस्पर्धि क्षमता विकास | न्यूनतम समर्थन मूल्य कार्यान्वयन गरिएका वालीको सँख्या | | प्रमुख खाद्यान्न बाली र उखु | कृषि भूमी व्यवस्था तथा सहकारी मन्त्रालय | कृषि भूमी व्यवस्था तथा सहकारी मन्त्रालय |
| | | | | | | |
| | | बाली विमा गर्ने कृषकको प्रतिशत | | ५० प्रतिशत | प्रदेश भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | प्रदेश भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| | | करार खेति कानून तर्जुमा र कार्यान्वयन | | कानुन तर्जुमा भई कार्यान्वयन | प्रदेश भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | प्रदेश भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| | | बजार पूर्वाधार विकास तथा सन्चालनमा पूँजिगत | | ७ वटा प्रादेशिक कृषि बजार सन्चालन | प्रदेश भूमी व्यवस्था कृषि तथा सहकारी | प्रदेश भूमी व्यवस्था कृषि तथा सहकारी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तथा व्याज अनुदान(खाद्यान्न गोदाम शितभण्डार बृहत प्रादेशिक कृषि बजार निर्माण तथा सन्चालनमा) | | | मन्त्रालय | मन्त्रालय |
| | | सहकारी र नीजि क्षेत्रसगँको सहकार्यमा रासायानिक मल, प्राङ्गारिक मल, किटनाशक विषादि, तथा कृषि औजार कारखाना स्थापना | | ७ वटा प्राङ्गारिक मल कारखानाहरु सन्चालन, विरगन्ज कृषि औजार कारखाना पुन सन्चालन | प्रदेश भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | प्रदेश भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| | | | | | | |

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय (कृषि विकास)

# नीति तथा कार्यक्रम र बजेट वक्तव्य बाहेक नविनतम कार्यक्रम कार्यान्वयन कार्ययोजना

| बुँदा नं | नीति तथा कार्यक्रम (सूचक इकाइ सहित) | बजेट तथा कार्यक्रम | सूचक | आ.व २०७५/७६ को लक्ष्य | | | कार्यान्वयन गर्ने जिम्मेवार | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | | | |
| १ | २ | ५ | ६ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १ | कृषि सामग्रीहरु अनुदानका लागि भौचर प्रणाली | कृषि सामग्रीहरु अनुदानका लागि भौचर प्रणालीको परिक्षण (piloting) भएको हुने | छनौट भएका जिल्लाहरुमा भौचर प्रणालीको मार्फत कृषिमा प्रवाह हुने अनुदान व्यवस्थित भई कृषकहरु लाभान्वित भएको हुने | | | | कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय | |
| | कृयाकलाप १ | piloting जिल्लाहरु छनौट | | | | | | | |
| | माईलस्टोन १ | निर्देशिका तयारी | | | | | कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, FAO लगायत विकास साझेदार निकायहरु | |
| | | अर्थ मन्त्रालय र दातृ निकायहरुसग अन्तरकिया र छलफल | | | | | | | |
| | माईलस्टोन २ | piloting जिल्लाहरु छनौट | | | | | | | |
| | माईलस्टोन ३ | कृषकहरु छनौट | | | | | | | |
| | | प्रणालीमा आवद्ध हुन चाहने व्यवसायीहरुको छनौट | | | | | | | |
| | | किसान भौचर कार्ड तयार गर्ने प्राविधिक संस्थाको छनौट | | | | | | | |
| | | भौचर कार्ड छपाइ एवं वितरण | | | | | | | |
| | कृषि उपजहरुको उचित मूल्यका लागि बाली बन्धकीमा छोटो अवधिका लागि ऋण उपलब्ध गराउने | कृषि उपजहरुको उचित मूल्यका लागि कृषि उपजहरु बन्धकी छोटो अवधिका लागि ऋण उपलब्ध गराउने | बाली बन्धकी मार्फत छोटो अवधिका लागि कृषि ऋण उपलब्ध भएको हुने | | | | कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय | |
| | कृयाकलाप १ | piloting जिल्लाहरु छनौट | | | | | | | |
| | माईलस्टोन १ | निर्देशिका तयारी | | | | | | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, FAO लगायत | |
| | | अर्थ मन्त्रालय र दातृ निकायहरुसग अन्तरकिया र छलफल | | | | | | | |
| | माईलस्टोन २ | piloting जिल्लाहरु छनौट | | | | | | | |
| | माईलस्टोन ३ | कृषकहरु छनौट | | | | | | | |
| | | प्रणालीमा आवद्ध हुन चाहने व्यवसायीहरुको छनौट | | | | | | | |

## ३.नतिजा व्यवस्थापन

### ३.१ प्रमुख कार्यसम्पादन सूचक :

कार्यक्रम तथा प्रमुख कृयाकलापहरुको संचालनबाट प्राप्त हुने उपलव्धी र सो को सूचकहरु कार्य योजना तालिकामा उल्लेख गरिएको छ । आयोजना तथा कार्यक्रमहरुको मुख्य प्रकृया पहिल्याई सो को अनुगमन गर्न सहयोग पुग्ने गरी सूचकहरु पहिचान गरिएका छन् । कतिपय प्रकृयागत सूचकहरु माइलस्टोनको रुपमा समावेश गरिएका छन् ।

### ३.२ अनुगमन योजना

प्रत्येक आयोजना कार्यान्वयन गर्ने निकायले आ आफ्नो कार्यालयको बार्षिक कार्ययोजना तथा अनुगमन सुचकहरु समेत तोकी अनुगमन योजना तयार गर्नेछन् ।आयोजना प्रमुखले सोही कार्ययोजना र अनुगमन योजनाको आधारमा प्रत्येक कार्यक्रमहरुको अनुगमन गर्नेछन् । संचालित कार्यक्रम संग सम्वन्धित क्षेत्रसंग सम्बन्धित सवै कार्यक्रमहरुको आयोजना स्तरमा गरिने अनुगमनको लागि स्थलगत अनुगमन कार्य गरिने छ । कार्यक्रम अनुगमनको क्रममा कार्यक्रम कार्यान्वयन प्रक्रिया अवलम्वन गरे नगरेको कुरालाई मुख्य अनुगमन सुचकको रुपमा अवलम्वन गरिनेछ । यस अन्तरगत कानुनको परिपालना गरे नगरेको सरोकारवाला निकायसंगको समन्वय अवस्था एवं कार्य सम्पादनको लागि प्रत्येक कार्यक्रमको प्रत्येक चरणको Milestonesप्राप्त भए नभएको र प्राप्तिका लागि आयोजनाले गरेको प्रयास लाई विश्लेषण गरिने छ । आयोजनाको तहबाट समाधान हुन नसक्ने समस्याका लागि गरिएको पहलको लागि लिपिबद्ध प्रमाण सहित गरिएका पहलहरुको अभिलेखकरण एवं माथिल्लो तहबाट गरिनुपर्ने समन्वयका लागि गरिएको प्रयासलाई अभिलेखकरण गरिनेछ ।मन्त्रालय/विभागस्तरबाट गरिने अनुगमनमा कार्यान्वयन प्रक्रियाको विश्लेषण कानुनको परिपालनाको स्थिति समन्वयका लागि गरिएका प्रयासको सुचक समन्वय बैठकका माईन्युटिङ्गलाई आधार बनाईने छ ।प्रत्येक चरणको Milestones प्राप्त भए नभएकोप्रत्येक चरणको Milestones समयमै प्राप्त गर्नका लागि गरिएको प्रयासपुष्टि हुने ताकेताका पत्राचारहरु अभिलेखिकरण गरिनेछ ।चौमासिक समिक्षा कार्यक्रमहरु तथा अनुगमनका क्रममा ताकेता एवं निरिक्षण पुस्तिकामा लेखिएका सुझावहरुको कार्यान्वयन स्थितिको विश्लेषण गरी निजको समग्र मूल्याङ्कन गरिने छ । निजको कार्यसम्पादन मूल्याङ्कनलाई बार्षिक कार्यसम्पादन मूल्याङ्कनसंग जोडेर दण्ड पुरस्कारसंग जोडिने छ । आयोजनाको तहबाट समाधान हुन नसक्ने समस्याका लागि विभाग तथा मन्त्रालयको तर्फबाट गरिएको पहलहरुको अभिलेखिकरण गरिने छ ।यस्ता समस्याहरुको हकमा मन्त्रालयस्तर विकास समस्या समाधान समितिमा छलफल गरी माथिल्लो तहबाट गरिनुपर्ने समन्वयका लागि राष्ट्रियस्तर विकास समस्या समाधान समितिमा प्रस्ताव पेश गरिनेछ ।

**नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश भएका बाहेक मन्त्रालय/निकायहरुले सम्पादन गर्ने अन्य कार्यहरुको कार्ययोजना**

४.१ कृषि भूमि व्यस्था तथा सहकारी मन्त्रालय अन्तरगत रहने निकायहरुको संगठन तथा सर्वेक्षण पारित नभइकसकेकोले कुन कुन निकायहरु कुन तहमा रहने र कुन निकायले कुन बजेट शिर्षकको कार्यक्रम संचालन गर्ने भन्ने विधिवत टुंगो लागि नसकेकोले सो टुंगो लाग्नासाथ बजेट शिर्षकको कार्यक्रम संचालन गर्ने सवै निकायहरुवाट आफूले सम्पादन गर्ने कार्यहरुको यसै अनुसारको कार्ययोजना तयारीको व्यवस्था मिलाइनेछ ।

**४.२ यस आ.ब. मा उल्लेखनिय उपलब्धि हासिल गर्न गरिने नवप्रवर्तन तथा सिर्जनशील प्रयासहरुको सूची**

चालु आ.व.मा कृषि क्षेत्रको बजेट गत आ.व.को भन्दा न्यून भएको सन्दर्भमा कतिपय कार्यक्रमहरु संचालन गर्न नसकिने अवस्था छ, तथापि साधन श्रोत र जनशक्तिको उपलवधताको आधारमा यस आ.व.मा देहायका नवप्रवर्तन तथा सिर्जनशील प्रयासहरु गरिनेछ :

१. कृषि विकास कार्यक्रम, तथ्यांक र अनुदानलाइ पारदर्शी एवं प्रभावकारी ढंगवाट संचालन गर्नका लागि Digital Agriculture अभियान अन्तरगत software हरु निर्माण तथा सञ्चालन
२. संघीय सरकारबाट सञ्चालन भइरहेका प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लगायत कृषि, पशुपन्क्षी क्षेत्रबाट सञ्चालित अन्य परियोजना तथा कार्यक्रमका दस्तावेजहरूको समयानुकूल पुनःपरिभाषित गरी परिमार्जन ।
३. प्रदेश र स्थानीय सरकारलाई नीति तथा कानुन तर्जुमा गर्न क्षमता बृद्धिमा सहयोग ।
४. प्रमुख खाद्य वस्तुहरुमा परनिर्भरताको कारण मुलूकले व्यहोरिरहेको समस्यालाई दृष्टिगत गर्दै खाद्य सूरक्षाका रणनीतिक महत्वका बालीहरु, जस्तैः धान, मकै, गहुँमा आत्मनिर्भरता हासिल गर्न ठूला सिंचाई आयोजनाहरुको कमाण्ड क्षेत्रभित्र सघन कृषि विकास कार्यक्रम सञ्चालनका लागि उर्जा सिंचाइ तथा जलश्रोत मन्त्रालयसंग समन्वय ।
५. कृषि ज्ञान केन्द्रहरुमार्फत एउटै थलोवाट स्थानीय तहहरुमा कृषि विशेषज्ञ सेवा, स-साना adaptive research र समस्या/issue मा आधारित कृषकस्तरको तालिम कार्यक्रम एकिकृत रुपमा संचालन ।
६. कृषि क्षेत्रमा प्रवाह भएको अनुदानलाई पारदर्शी एवं प्रभावकारी बनाउनका लागि भौचर प्रणालीको Piloting ।
७. कृषकहरुले उत्पादन गरेका कृषि उपजहरुलाई बन्धकी राखी छोटो अवधिका लागि सरल ऋण उपलब्ध गराउन वाली वन्धकी प्रणालीको सन्चालन सम्वन्धमा अध्ययन ।

# कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय (कृषि क्षेत्र)

## १ . नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना

| बुँदा नं | नीति तथा कार्यक्रम (सूचक इकाइ सहित) | आधार वर्ष २०७४/७५ को अवस्था | आ. व २०७९।८० सम्मको लक्ष्य | नीतिसंग सम्बन्धित बजेट वक्तव्य | सूचक | आ.व २०७५/७६ को लक्ष्य: वार्षिक | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
